# नेपाल सरकार

## शान्ति तथा पुनर्निर्माण मन्त्रालय

## (अनुगमन शाखा )

च.नं. : १३५ सिहदरबार काठमाण्डौ,

पं. सं. ०६७६८ अनुगमन शाखा मिति २०६७१२।२२

बिषय : कार्यान्वयन गर्न निर्णयको प्रतिलिपि पठाएको बारे ।

श्री द्वण्द्व प्रभाबित ब्यक्ति , परिवार तथा संरचनाको लगत संकलन कार्यदल, बबरमहल काठमाण्डौ, नेपाल ।

श्री शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय, सिंहदरवार, काठमाण्डौ ।

श्री प्रहरी प्रधान कार्यालय नक्शाल कठमाण्डौ ।

श्री शहरी विकास तथा भवन निर्माण विभाग,बबरमहल काठमाण्डौ ।

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (DOLIDAR), जवलाखेल ललितपुर ।

श्री प्रशासन, योजना तथा बैदेशिक सहयोग समन्वय महाशाखा,

श्री द्वन्द्व व्यवस्थापन महाशाखा,

श्री राहत तथा पुर्नस्थापन महाशाखा,

श्री कानून तथा सञ्चार महाशाखा,

श्री शान्ति संयन्त्र समन्वय महाशाखा

शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

श्री शान्ति कोष सचिवालय, नेपाल औषधी लिमिटेड भवन, बबरमहल काठमाण्डौ ।

श्री पूर्वाधार तथा पुनर्निर्माण महाशाखा (परियोजना) नेपाल औषधी लिमिटेड भवन, बबरमहल काठमाण्डौ ।

श्री राहत तथा पुनर्स्थापन ईकाई बबरमहल काठमाण्डौ ।

श्री राष्ट्रिय शहिद तथा शान्ति पार्क (स्मारक) निर्माण कार्यदल, कार्य सम्पादन समिति यज्ञडोल ,जगडोल गोकर्ण गा.बि.स. वडा नं १ ,काठमाण्डौ ।

श्री जिल्ला प्रशासन कार्यालय ७५ जिल्ला ।

श्री जिल्ला बिकास समितिको कार्यालय ७५ जिल्ला ।

श्री जिल्ला प्रबिधिक कार्यालय ७५ जिल्ला ।

श्री शहरी विकास तथा भवन निर्माण बिभाग डिभिजन कार्यालय २५ जिल्ला ।

उपरोक्त बिषयमा मन्त्रालयस्तरीय बिकास समस्या समाधान समितिका अध्यक्ष एवं माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री श्री बर्षमान पुन (अनन्त) ज्यूको अध्यक्षतामा मिति २०६७।१२।२१ गते सोमबारका दिन यस मन्त्रालयमा बसेको बैठकले मन्त्रालय मातहत तथा अन्य कार्यान्वयन निकायको अष्टमासिक प्रगति समीक्षा गर्नुका साथै मन्त्रालय मातहत तथा अन्य कार्यान्वयन निकायद्धारा संचालित सबै पुनर्निर्माणका आयोजना र राहत तथा पुर्नर्स्थापनका सबै कार्यक्रमलाई समयमै गुणस्तरीय रुपमा सम्पन्न गर्ने सिलसिलामा गरेको निर्णयको प्रतिलिपि पाना एक संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध गर्दछु । उक्त निर्णय कार्यान्वयन भई सो को प्रगति बिबरण निमित रुपमा मन्त्रालयमा समेत उपलव्ध हुने ब्यबस्था हुन अनुरोछ गदर्छु ।

(प्रेमप्रसाद संजेल)

उप सचिव

अनुगमन तथा मूल्याङन शाखा

<u>बोधार्थ तथा कार्यार्थ</u>

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, शासकीय सुधार महाशाखा, सिंहदरबार ।

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, शान्ति समन्वय महाशाखा, सिंहदरबार ।

श्री अर्थ मन्त्रालय अनुगमन तथा मूल्याड.कन महाशाखा सिहदरबार ।

श्री अर्थ मन्त्रालय बजेट महाशाखा सिहदरबार ।

श्री गृह मन्त्रालय सिंहदरबार, कठमाण्डौ ।

श्री राष्ट्रिय योजना आयोगको सचिवालय, अनुगमन तथा मूल्याड.कन महाशाखा, सिंहदरबार काठमाण्डौ ।

श्री राष्ट्रिय योजना आयोगको सचिवालय, गरिबी निवारण महाशाखा, सिंहदरबार काठमाण्डौ ।

श्री शिक्षा मन्त्रालय,केशरमहल काठमाण्डौ ।

श्री बन तथा भूसंरक्षण मन्त्रालय सिंहदरबार, कठमाण्डौ ।

श्री स्वास्थ्य मन्त्रालय रामशाहपथ , कठमाण्डौ ।

श्री स्थानीय बिकास मन्त्रालय श्रीमहल पुल्चोक कठमाण्डौ ।

श्री भौतिक योजना तथा निर्माण मन्त्रालय, सिंहदरबार, कठमाण्डौ ।

श्री शिक्षा बिभाग , ईञ्जिनियरिड.शाखा,सानोठिमी भक्तपुर ।

श्री स्थानीय शान्ति समिति ७५ जिल्ला : ५ प्रति पत्र संलग्न छ । एक प्रति तहाँ राखी बाँकि चार प्रति क्रमशः जिल्ला प्रशासन कार्यालय, जिल्ला बिकास समिति, जिल्ला प्रविधिक कार्यालय र शहरी विकास तथा भवननिर्माण बिभागको स्थानीय डिभिजन कार्यालयलाई बुझाई दिने ब्यबस्थाका लागि अनुरोध गर्दछु ।

**निर्णयहरु**

१) अब उप्रान्त हरेक दुई महिनामा एक पटक मंत्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक माननीय मंत्रीज्यूको अध्यक्षतामा बस्ने र उक्त बैठकले शान्ति मंत्रालय, मातहतका निकायहरु तथा अन्य सम्बद्ध कार्यान्यवयन निकायको प्रगति अनिवार्य रुपमा प्रस्तुत गरी समीक्षा समेत गर्ने ।

२) पुनर्निर्माणका आयोजनाहरुको कन्टीजेन्सी रकमबाट सुपरभाइजर राख्ने व्यबस्थालाई गत बर्ष नै अनिवार्य गरिएकोमा सो को अक्षरशः पालना भएको पाइएन । अतः सुपरभाइजर नराख्ने ठेकेदार तथा ठेकेदारको र आयोजनाको रेखदेख गर्नुपर्ने दायित्व भएको स्थानीयस्तरको कार्यान्वयन निकायलाई उक्त व्यबस्था तुरुन्त लागू गर्ने भनी केन्द्रीयस्तरका कार्यान्वयन निकायले तत्काल परिपत्र गरी मन्त्रालयलाई जानकारी दिई उक्त निर्देशन कडाईका साथ पालन गर्ने गराउने व्यवस्था गर्ने ।

३) शहीद तथा द्वण्द्व प्रभावित परिवारका वालवालिकालाई छात्रवृति प्रदान गर्दा तोकिएकाको न्यूनतम रकम निकासा भएको देखिएन । उदाहरणको लागि दोलखा जिल्लामा बार्षिक रु १४ लाख छात्रवृति रकम निकासा हुनुपर्नेमा रु ५ लाख मात्र निकाशा भई दामासाहीमा छात्रवृति वितरण गरिएको पाइयो । यस्तो समस्या यसै वर्ष दखि समाधान हुन बजेट निकाशा गर्ने अर्थ मंत्रालय तथा कार्यान्वयन गर्ने शिक्षा मंत्रालयलाई अनुरोध गर्ने ।

४) अष्टमासिक प्रगतिको समीक्षा गर्दा ३७ प्रतिशत प्रगति भएको देखियो । बाँकि चार महिनामा भरमग्दुर प्रयास नगरेमा वार्षिक लक्ष्य हासिल गर्न कठिन हुने देखिएकोले सबै कार्यान्वयन निकायले तदारुकताका साथ आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा ध्यान दिने।

५) गत वर्ष नै लापरवाही गर्ने, सम्फौता तोड्ने, अनावश्यक काममा ढिलाई गर्ने ठेकेदारलाई आवश्यकतानुसार लिखित रुपमा सचेत गराउने वा कालोसूचीमा राख्ने निर्देशन भएकोमा ढिलो काम गर्ने उपर कारवाही भएको अष्टमासिक प्रगति समीक्षाबाट देखिएन । अत उक्त व्यबस्थालाई कडाईका साथ लागू गर्ने । समयमा काम सम्पन्न नगर्ने उपर प्रचलित कानून बमोजिम कारबाहीको प्रक्रिया कार्यान्वयन निकायले तुरुन्त प्रारम्भ गर्ने

६) गत वर्ष नै पुनर्निर्माण आयोजनामा प्रयोग भएका निर्माण सामग्रीको गुणस्तर परीक्षणलाई अनिवार्य गर्न निर्देशन दिएकोमा प्रगति समीक्षा अवधिमा कतिवटा आयोजनाको गुणस्तर परिक्षण भयो भन्ने छुट्टै तथ्याकं पेश भएको पाइएन । अब उप्रान्त प्रगति समीक्षा वैठकमा गुणस्तर परीक्षण भएको संख्या, ढिलाई गर्ने ठेकेदार वा कार्यान्वयन ईकाइ माथि गरिएका कारवाही वा ताकेता वा सचेत गराएको तथ्यांक पनि अनिवार्य रुपमा पेश गर्ने ।

७) गत वर्ष नै हस्तान्तरण हुन नसकेका आयोजनाको वारेमा कार्यान्वयन निकायले मंत्रालयमा लेखी पठाउने र मंत्रालयले सचिवस्तरमा समन्वय गरी हस्तान्तरण गराउने भनिएकोमा प्रगति समीक्षामा सो काम भए नभएको खुलेन । अत हस्तान्तरण नभएका अयोजना अफै बाँकी भएमा कार्यान्वयन निकायले तुरुन्तै मंत्रालयमा लेखी पठाउने र मंत्रालयले हस्तान्तरणको प्रकृया तुरुन्तै अगाडि बडाउने ।

८) कार्यान्वयन निकायबाट शुरु भएको E-Bidding ज्यादै प्रभावकारी भएको देखिदा E -Bidding लाई सवै योजना तथा कार्यक्रममा लागू गर्ने गराउने ।

९) कार्यान्वयन निकाय मध्येको डोलिडारबाट गत बर्ष र यस पटकको प्रगति समीक्षा बैठकमा समेत विभागको उच्च नेतृत्वको उपस्थिति भएको पाइएन । अब उप्रान्त प्रगति समीक्षा बैठकमा डोलिडारबाट पनि विभागीय प्रमूखको वा उप प्रमूखको उपस्थिति हुने व्यबस्था गर्ने ।

१०) p1- project को अनुगमन तथा मूल्यांकन गर्दा राष्ट्रिय योजना आयोगबाट उपलब्ध नतिजामूलक अनुगमन तथा मूल्यांकन पद्धति लागू गर्ने सुफाव प्राप्त भएकाले उक्त नमूना फर्म तत्काल मंत्रालयले कार्यान्वयन निकायमा उपलब्ध गराउने एंव सो नमूना मुताविकको अनुगमन प्रक्रिया थाल्ने ।

११) आगामी समीक्षा बैठकमा नेपाल प्रहरी मातहत निर्माणाधीन १०० वटा प्रहरी चौकीको समेत संक्षिप्त प्रगति विवरण पेश गर्न लेखी पठाउने ।

१२) राहत वितरणको काम सुस्तरुपमा भएको पाइएको र यसै पद्धतिले राहत वितरण प्रक्रिया चालु राखेमा अफै ७८ वर्ष लाग्ने हुँदा छोटो पद्धति के हुन सक्छ ? राहत तथा पुर्नस्थापन ईकाइबाट प्रतिवेदन,प्रस्ताव तयार गरी मंत्रालयमा पेश गर्ने ।

१३) जिल्लामा निर्माण व्यवसायी तथा ठेकेदारहरुले सिण्डिकेट लागू गरी निर्माणको काममा वाधा पुर्‍याएको जानकारी हुन आयो । प्रतिस्पर्धामा आयोजना कार्यान्वयन गर्न भौतिक योजना तथा निर्माण मंत्रालय र गृह मंत्रालयमा लेखि पठाउने ।

१४) आयोजना निर्माणस्थलको विवाद भए सो टुंग्याएर मात्र आयोजना निर्माणको काम शुरु गर्ने ।

१५) नमूना वस्तीको निर्माणकार्यको प्रगति संन्तोषजनक देखिएन । ढिलाइ हुनुको कारण पत्ता लगाइ उक्त आयोजनाहरुलाई द्रूतगतिमा संचालन गरी अर्को बैठकमा थप समीक्षा गर्ने ।

१६) मन्त्रालयबाट भए गरेका कामलाई पारदर्शी बनाउन राहत,आर्थिक सहायता र क्षतिपूर्ति पाँउने व्यक्तिहरुको नामावली राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गर्ने, मन्त्रालयको वेभसाईटमा राख्ने कामलाई निरन्तरता दिई पूरा गर्ने र हरेक जिल्लाको उक्तानुसारको बिबरण स्थानीय जिल्ला प्रशासन कार्यालयको सूचना पाटीमा समेत प्रकाशन गर्ने ।

द.........................

(बर्षमान पुन "अनन्त")

माननीय मन्त्री, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरबार, काठमाण्डौ ।